राष्ट्रिय वाणिज्य वैंक लि.

केन्द्रीय कार्यालय

प्रमुख कार्यकारी अधिकृतको कार्यालय

सिंहदरवार प्लाजा, काठमाडौं

मिति : २०८१।०६।१६

# प्रेस विज्ञप्ति-१

## राष्ट्रिय वाणिज्य बैंक र MAW-Vriddhi Motors Private Limited बीच सम्झौता



राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र MAW-Vriddhi Motors Private Limited बीच विद्युतीय(EV) गाडीमा कर्जा लगानी गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौता अनुसार वार्षिक ७.७७ प्रतिशत स्थीर ब्याजदरमा निजी सवारी(रातो प्लेट) को NAMMI र SERES विद्युतीय(EV) गाडीका लागि मासिक किस्ताबन्दीमा कर्जा भुक्तानी गर्ने गरी बैंकले अधिकतम एक करोड रुपैंयासम्म कर्जा लगानी गर्ने छ। कर्जा रकमको ०.७५ प्रतिशत सेवा शुल्क लाग्ने छ। गाडीको कोटेशनमा अंकित मुल्यको विद्युतीय गाडी(EV) को बढिमा ८० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ भने बढिमा सात वर्ष सम्म कर्जा अवधि दिइने यो सम्झौता २०८१ कात्तिक मसान्तसम्म मात्र लागू हुने छ। बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २९४ वटा शाखा कार्यालय, ३१२ वटा एटिएम र ७३ वटा एक्स्टेन्सन काउन्टर रहेको छ।

# प्रेस विज्ञप्ति-२

## राष्ट्रिय वाणिज्य बैंकको कल सेन्टर २४ सैं घण्टा सञ्चालन

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको केन्द्रीय कार्यालय सिंहदरबारप्लाजा स्थित रहेको कल सेन्टर अब २४ सैं घण्टा सञ्चालन हुने भएको छ। बैंकको सेवाका बारेमा टेलिफोन नम्बर ०१-५९७००१८ कल गरेर २४ सैं

घण्टा जानकारी लिन सकिनेछ । बैंकको सेवाका बारेमा जानकारी लिन चाहनेहरुलाई थप सहज भई बैंकको गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाहमा थप सुधार आउने अपेक्षा गरिएको छ ।

